# रिडी हाइड्रोपावर डेभलपमेण्ट कम्पनी लिमिटेड

का.म.न.पा. ११, ट्रेड टावर, पाचौं तल्ला, थापाथली
पोष्ट बक्स नं. २१८३९, काठमाडौं, नेपाल, फोन नं.५१११०१५, ५१११०१६
वेबसाईट: www.ridihydro.com.np, ईमेल: ridihydro@wlink.com.np

को

## सत्रौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**शेयरधनी महानुभावहरू,**

रिडी हाइड्रोपावर डेभलपमेण्ट कम्पनी लिमिटेडको मिति २०७५ साल भाद्र २६ गते बसेको सञ्चालक समितिको बैठक संख्या १६-६ निर्णय अनुसार कम्पनीको सत्रौं वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा देहायक विषयहरुमा छलफल गर्न बस्ने हुँदा सम्पूर्ण शेयरधनीहरुको उपस्थितीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**वार्षिक साधारण सभा हुने मिति, समय र स्थान :**

**मिति** : २०७५ साल असोज २० गते, शनिवार **(6 October 2018)**
**स्थान** : दोस्रो तल्ला, ईन्द्रेणी ब्याङ्क्वेट, नयां बानेश्वर, काठमाडौं ।
**समय** : विहान ११:०० बजे देखि ।

**(क) सामान्य प्रस्ताव**

(१) आ.व. २०७४/७५ को सञ्चालक समितिको प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
(२) लेखा परिक्षण प्रतिवेदन सहितको आषाढ ३२, २०७५ को वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायत वित्तिय विवरणहरु छलफल गरि स्वीकृत गर्ने सम्बन्धमा ।
(३) कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०७५/७६ का लागि लेखा परीक्षकको नियुक्ती गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
(४) सञ्चालक समितिले प्रस्ताव गरे बमोजीम नगद लाभांश ०.३१५७ प्रतिशत (बोनस शेयरमा लाग्ने कर प्रयोजन) स्वीकृत गर्ने सम्बन्धमा ।
(५) कम्पनीको सञ्चालक समितिको बैठक संख्या १६-५ ले गरेको निर्णय अनुसार सञ्चालक पद ५(पाँच) को मनोनयन/निर्वाचन गर्ने सम्बन्धमा ।
(६) कम्पनीले निर्माण गर्न लागेको बुटवल सोलार आयोजना (८.५ मे.वा) का लागि परियोजना ऋण स्वीकृत गर्ने सम्बन्धमा ।

**(ख) विशेष प्रस्ताव**

(१) सञ्चालक समितिले प्रस्ताव गरे बमोजीम चुक्ता पूँजीको ६ प्रतिशत बोनस शेयर स्वीकृत गर्ने ।
(२) कम्पनीको सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०७४/७५ को बोनस शेयर बांडफांट पश्चात कायम हुने चुक्ता पूँजीको शत प्रतिशत अर्थात १:१ हकप्रद शेयर जारी गर्ने र उपरोक्त कार्यका लागि श्री धितोपत्र बोर्ड लगायत अन्य संस्थाहरुमा समन्वय गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।
(क) बोनश शेयर जारी गर्दा खण्डिकृत भएमा खण्डिकृत शेयरलाई सम्बन्धि शेयरधनीको नाममा जगेडा राख्ने सम्बन्धमा ।
(ख) १:१ को अनुपातवाट हकप्रद शेयर जारी गर्न आधार हिसाब गर्दा खण्डिकृत भएमा ०.५ वा सो भन्दा बढिलाई १ अंक गणना गर्ने र ०.५ भन्दा कम खण्डिकृत भएमा सो संख्या सञ्चितिमा राख्ने सम्बन्धमा ।
(३) बोनश शेयर तथा हकप्रद शेयर वितरण पश्चात कम्पनीको अधिकृत, जारी तथा चुक्ता पूँजी वृद्धि हुने भएकाले कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा प्रस्ताव गरिए बमोजिम संशोधन गर्ने ।
(४) कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन सम्बन्धी पारित प्रस्ताव कम्पनी रजिष्ट्रारको कार्यलयबाट स्वीकृति लिने क्रममा आवश्यक थपघट संशोधन वा परिमार्जन गर्नु परेमा सो गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**(ग) विविध ।**

**सञ्चालक समितिको आदेशानुसार**
**कम्पनी सचिव**

**थप जानकारीका लागि २०७५ भाद्र ३० गतेको अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिका हेर्नुहोला ।**